ICAN COP : 'B' 1933

PAN : 300947115

# B.R. Dhungana and Company

*Audit Firm*

**Bhoj Raj Dhungana**
Registered Auditor

Pokhara-12/166, Ramghat
Machhapuchhre Tole
Tel: 061–528658

## श्री लोक उपभोक्ता सहकारी संस्था लि. पोखरा १४ मझेरी पाटन पोखरा कास्कीका शेयर सदस्यहरुमा लेखापरीक्षकको प्रतिवेदन

हामीले **श्री लोक उपभोक्ता सहकारी संस्था लि. पोखरा १४ मझेरीपाटन कास्कीको** यसै साथ संलग्न बि.स. ०७६ सालको आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०७५/०७६ को आय विवरण र नगद प्रवाह विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तिय विवरणहरुको उत्तरदायित्व संस्थाको व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेका ती वित्तिय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो राय जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

नेपाल लेखापरीक्षण मापदण्डका आधारमा लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ । वित्तिय विवरणहरु सारभूत रुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि लेखाका मार्गदर्शकसिद्धान्त अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नुपर्ने हुन्छ । वित्तिय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुस्टयाई गर्ने प्रमाणको छडके परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । संस्थाले अवलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तिय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

१. लेखापरीक्षण सम्पन्न गर्नका लागि हामीलाई आवश्यक सूचना एवं स्पष्टिकरण समयमा नै पायौं ।
२. हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब नेपाल लेखामान अनुरुप राखेको पायौं ।
३. यस प्रतिवेदन सँग संलग्न वासलात, आय विवरण तथा नगद प्रवाह विवरण लेखाका सर्वमान्य सिद्धान्त, प्रचलित कानून बमोजिम तयार गरिएको र संस्थाले राखेको लेखासँग दुरुस्त रहेको छ । जसले समग्रमा संस्थाको आर्थिक गतिविधिको यथार्थ चित्रण गर्दछ भन्ने हामीलाई लाग्दछ ।
४. हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा संस्थाको आर्थिक कारोबारमा प्रगती रहेको पाइयो ।
५. हामीलाई प्राप्त जानकारी तथा हामीलाई दिईएको स्पष्टिकरण एवं हामीले परीक्षण गरेका श्रेस्तावाट संस्थाका संचालक तथा कर्मचारीहरुले हिसाब किताबसम्बन्धि कुनै हानी नोक्सानी गरे गराएको पाएनौं ।
६. यसै प्रतिवेदन साथ संलग्न लेखापरीक्षकको टिप्पणी प्रतिवेदनको अभिन्न अंगको रुपमा रहेको छ ।

मिति : २०७६/०४/१९

B.R. Dhungana & Company ★ Registered Auditors ★ B

भोजराज ढुंगाना
बि.आर ढुंगाना एण्ड कम्पनी
रजिष्टर्डस् लेखापरीक्षक

Scanned with CamScanner